नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास
सिंहदरवार, काठमा

# कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
हरिहरभवन, ललितपुर

# कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः२०७७/०६/२६

**प्रस्तावनाः** प्रस्तावनाः आयोजनाका लाभग्राहीहरुको खाद्य तथा पोषण सुरक्षाको स्थिति सुधार गर्नका लागि कृषि तथा पशुपन्छी व्यवसायमा संलग्न साना उत्पादक कृषकहरुलाई उपयुक्त व्यवसाय छनौट, व्यावसायिक योजना तर्जुमा, आम्दानी खर्च तथा नाफा नोक्सान अभिलेख राखी व्यवसाय लेखाजोखा गर्ने अभ्यासबाट कृषिलाई बढी नाफामूलक बनाउन व्यवसाय तथा बजारीकरण सम्वन्धी समस्याहरु सम्वोधन गर्न र अवसरहरु पहिचान गर्नका लागि कृषकहरुलाई सक्षम बनाउने अभिप्रायले आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम कृषि व्यवसाय पाठशाला संचालन को लागि यो **"कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७"** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम **"कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना व्यवस्थापन ईकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **"आयोजना क्लष्टर ईकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरुमा कार्यक्रम सञ्चालन गर्ने आयोजना व्यवस्थापन ईकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर ईकाईहरुलाई सम्झनु पर्दछ।

(घ) **"आयोजना क्षेत्र"** भन्नाले आयोजना लागु भएका जिल्लाका गाउँपालिकाहरुलाई सम्झनु पर्दछ ।

(ङ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(च) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।



सचिव

(छ) **"व्यवसाय"** भन्नाले कृषि बालीहरु, पशुपन्छी उत्पादन, प्रशोधन तथा बजारीकरणसंग सम्वन्धित व्यवसाय सम्झनु पर्दछ ।

(ज) **"कृषक समूह"** भन्नाले आयोजना क्षेत्रका गाउँपालिकामा दर्ता भएका कृषि तथा पशुपालन व्यवसायमा संलग्न कृषकहरुको संस्था वा संगठनलाई कृषक समूह वा उत्पादक कृषक समूह भन्ने सम्झनु पर्दछ ।

(झ) **"कृषक पाठशाला"** भन्नाले कृषकहरुले सामूहिकरुपमा खेतबारी वा पशुपन्छीपालन गर्ने थलो (गोठ, खोर, वा चरन क्षेत्र) मा व्यवहारिक ज्ञान र सीप आर्जन गर्ने खोजपूर्ण सिकाईका तरिकाहरु अपनाई पर्यावरणिय विश्लेषणमा आधारित भई स्वस्थ्य एवम् स्वच्छ बालीनाली तथा पशुपन्छीको उत्पादनका बारेमा सिक्ने र सिकाउने एउटा थलो भन्ने सम्झनु पर्दछ । बाली केन्द्रित पाठशालालाई बाली उत्पादन कृषक पाठशाला र गाई/भैंसी, बाख्रा र कुखुरा पालन केन्द्रित पाठशालालाई गाई/भैंसी पालन वा बाख्रापालन वा कुखुरापालन पाठशाला सम्झनु पर्दछ ।

(ञ) **"कृषि व्यवसाय पाठशाला"** भन्नाले कृषि तथा पशुपन्छी व्यवसाय तथा बजारीकरण सम्वन्धी समस्याहरु सम्वोधन गर्न र अवसरहरु पहिचान गर्नका लागि सामूहिक तथा सहकार्यात्मक सोधपुछ कार्य गर्न कृषकहरुलाई बजारका लागि बढी लाभदायी हुने गरी उत्पादन गर्नका निमित्त आफ्ना सीप विकास गर्न वा सीप विकास गर्न ईच्छुक "समरुची कृषकहरुको समूह" लाई एकै ठाउँमा भेला गराउने "थलो" लाई कृषि व्यवसाय पाठशाला संझनु पर्दछ ।

(ट) **"लाभग्राही"** भन्नाले आयोजनाबाट सेवा प्राप्त गर्ने लक्षित कृषक समूह र कृषि व्यवसाय पाठशाला समूहका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ठ) **"कृषि व्यवसाय पाठशाला समूह"** भन्नाले विभिन्न बाली उत्पादन तथा पशुपन्छी पालन कृषक समूहका सदस्यहरु मध्ये बाली उत्पादन वा गाई/भैंसी पालन वा बाख्रापालन वा कुखुरापालन पाठशालामा सहभागी भई जलवायु तथा पोषण मैत्री प्रविधिहरुको ज्ञान र सीपको बारेमा सफलतापूर्वक तालिम हासिल गरेका र कृषि व्यवसाय पाठशाला तालिममा संलग्न हुने महिला तथा युवा कृषकहरुको समूहलाई सम्झनु पर्दछ ।

(ड) **"म्यानुअल"** भन्नाले कृषि व्यवसाय पाठशाला सञ्चालन गर्ने तरिका, विधि र पाठ्यसामग्री सहित विस्तृतरुपमा उल्लेख गरिएको आयोजनाद्धारा तयार गरिएको कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअल-२०७७ लाई सम्झनु पर्दछ ।

(ढ) **"सहजकर्ता"** भन्नाले कृषि व्यवसाय पाठशालालाई व्यवस्थित र प्रभावकारी ढंगले सहजीकरण गरी सिक्ने सिकाउने कार्यलाई नेतृत्व गर्ने कृषि व्यवसाय पाठशाला सम्वन्धी सहजकर्ता तालिम प्राप्त कृषि प्राविधिक, पशु सेवा प्राविधिक र कृषक सजहकर्तालाई सम्झनु पर्दछ ।

(ण) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले आयोजनाको प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर ईकाईमा खटाईएका अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनु पर्दछ ।

(त) **"सेवा प्रदायक"** भन्नाले आयोजनाको प्राविधिक सहायता अन्तर्गत गाउँपालिकामा खटाईएका सेवा प्रदायक प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ ।

(थ) **"व्यवसाय योजना"** भन्नाले उत्पादक कृषक समूहको उत्पादन, सामग्री खरिद, बजारीकरण, वित्तिय योजना सहितको व्यवसाय प्रस्ताव वा व्यवसाय योजना वा व्यवसायिक योजनालाई सम्झनु पर्दछ।

३. **उद्देश्य:** (१) यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहनेछन्-

(क) कृषिलाई बढी नाफामूलक व्यवसाय बनाउन कृषकहरुको ज्ञान र सीप अभिवृद्धि गर्नु ,

(ख) कृषकहरुलाई आफ्नै स्थानिय वातावरणमा व्यवसाय तथा बजारीकरण सम्वन्धी समस्याहरु सम्वोधन गर्न र अवसरहरु पहिचान गर्न सक्षम बनाउनु ।

४. **कार्यक्रम विवरण:** (१) यो कार्यक्रम आयोजना लागु भएका आठ जिल्लाका १६ वटा गाउँपालिकाहरु कार्यक्षेत्र हुने गरी सञ्चालन गरिनेछ ।

(२) आयोजना क्षेत्रका गाउँपालिकाहरुमा कृषि व्यवसाय पाठशाला सञ्चालनका अवधिमा कृषि व्यवसाय पाठशालाको संक्षिप्त परिचय, कृषि व्यवसाय चक्र, व्यवसायका रुपमा कृषि, कृषि उद्यम, उद्यमशिलता, कृषि व्यवसायका महत्त्वपूर्ण पक्ष र कृषि व्यवसाय लाभकारिता, बजार, बजारीकरण र बजार सर्वेक्षण, कृषि उत्पादन र बजार स्थितिको लेखाजोखा तथा विश्लेषण, कृषि व्यवसायका लागि परिकल्पना, लक्ष्य र रणनीति, उद्यम लाभकारिता, कृषि व्यवसाय योजनाका सम्भागहरु: व्यवसाय योजना (उत्पादनबजार ,वित्त तथा खर्च, नगद प्रवाह तथा जोखिम योजना) र कार्ययोजना, कृषि व्यवसाय अभिलेखको अवधारणा र कृषि व्यवसायको अभिलेख अभ्यास, बचत, वित्त परिचालन, तथा प्रोडक्टिभ एलायन्स (उत्पादनशील सम्बन्धन), बजार सम्बन्धन, समूहगत बजारीकरण र खरिद, करार खेती, व्यवसाय जोखिम तथा व्यवस्थापन, कृषि उद्यमहरूको बेन्चमार्किङ, सफल उद्यमीका विशेषताहरू ,पोष्टहार्भेष्ट क्षति तथा सुरक्षा कारक तत्त्वहरू, प्याकिङ, प्याकेजिङ र ढुवानी, कृषि मूल्य



सचिव

श्रृंखला र नक्साङ्कन, मूल्य अभिवृद्धि र असल कृषि अभ्यास, बहुसरोकारवाला संवाद मञ्च, कृषि व्यवसाय पाठशालाको फाइदा लेखाजोखा र कृषि व्यवसाय योजनाको कार्यसम्पादन लेखाजोखा, कृषक दिवस, अर्को सिजनका लागि उद्यम छनोट र कृषि व्यवसाय योजनाका सम्भागहरूको पुनरावलोकन, अर्को सिजनका लागि कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी आदि सम्वन्धी विषयवस्तुहरु समावेश गरी सञ्चालन गरिनेछ।

(३) उपदफा (२) बमोजिमका विषयहरु मध्ये तालिम अवधिमा खास खास विषयवस्तुहरुका ८ वटा विशेष कक्षाहरु बाह्य प्रशिक्षकहरुद्धारा प्रशिक्षण हुनेछन् ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

५. <u>लक्षित वर्ग तथा समूह गठन:</u> (१) खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा सम्वेदनशिल वर्ग भूकम्प र बाढी पिडित, खाद्य असुरक्षित, दलित, महिला, आदिवासी जनजाति र विस्थापित समुदायलाई लक्षित गरिनेछ ।

(२) लक्षित वर्ग समावेश गर्नका लागि आयोजना लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरु मध्ये देहायका कृषकहरुलाई प्राथमिकता दिई कृषि व्यवसाय पाठशाला समूह गठन गरिनेछ ।

(क) खाद्यान्न, तरकारी, दलहन बालीहरु तथा गाई, भैंसी, बाख्रा, कुखुरापालन व्यवसायीकरुपमा बजारका लागि उत्पादन गरिरहेका र गर्न ईच्छुक रहेका कृषकहरु ।

(ख) खाद्यान्न, तरकारी, दलहन बालीहरु तथा गाई, भैंसी, बाख्रा, वा कुखुरापालन कार्यमा संलग्न भई बाली उत्पादन तथा गाई, भैंसी, बाख्रा वा कुखरापालन कृषक पाठशालामा सहभागी भएका उत्कृष्ट कृषकहरु मध्ये कृषि व्यवसाय पाठशालामा सहभागी हुन ईच्छुक महिला तथा युवा कृषकहरु ।

(ग) पाठशाला अवधिभर (उत्पादन पूर्व, उत्पादन सिजन र उत्पादन सिजन पछि) र कृषि व्यवसाय पाठशालाको म्यानुअल अनुसार नियमितरुपमा सञ्चालन हुने पाठशालाको सिक्ने सिकाउने प्रक्रियामा सक्रियरुपमा सहभागी हुन सक्ने कृषकहरु ।

(घ) लाभग्राहीहरु मध्ये पाठशालामा सहभागी हुने कृषकहरु छनौट गर्ने अन्य आधार कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा उल्लेख भए अनुसार हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठित पाठशालाको समूहमा कम्तिमा ६५ प्रतिशत महिला कृषक सदस्यहरुलाई सहभागी गराईनेछ ।

सचिव

(४) कृषि व्यवसाय पाठशालामा गठन भएका समूहलाई समूह परिचालन र आयोजना सम्वन्धी अभिमुखीकरण गराईनेछ ।

(५) पाठशाला समूह सम्वधित गाउँपालिकामा दर्ता गराउनु पर्नेछ । साथै समूहको छाप र साईन बोर्डको व्यवस्था अनिवार्यरुपमा गर्न लगाईनेछ।

(६) कृषि व्यवसाय पाठशाला सञ्चालन गर्दा गाउँपालिकालाई पूर्व जानकारी गराईनेछ ।

६. <u>पाठशालाको तयारीः</u> (१) आयोजना क्लष्टर ईकाईले दफा ५ बमोजिम गठित पाठशाला समूहहरुबाट कृषि व्यवसाय पाठशाला सञ्चालन गर्न निम्नानुसार कार्य गर्नेछः

(क) पाठशाला सञ्चालन गर्न प्रति पाठशाला दुई जनाका दरले सहजकर्ता १ जना मुख्य सजहकर्ता र अर्को १ जना सहयोगी वा सहायक सहजकर्ता तोक्नु पर्नेछ ।

(ख) उपदफा १ (क) अनुसार तोकिने सजहकर्तालाई कृषि व्यवसाय पाठशाला सञ्चालनको कार्यक्रम सञ्चालन पूर्व अधिकतम ५० प्रतिशत पेश्की रकम उपलव्ध गराउन सकिनेछ । साथै बाँकी रकम कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी हुनेछ ।

(ग) उपदफा १ (क) अनुसार तोकिने सजहकर्ताको हकमा पाठशाला सञ्चालनको लागि करारनामा गराई उपदफा १ (ख) अनुसार रकम भुक्तानी गरिनेछ ।

(घ) आयोजनाका सेवा प्रदायक कृषि तथा पशु सेवा प्राविधिकहरु मार्फत सम्वन्धित पाठशाला समूह र सजहकर्ताहरु बीच समन्वय गराउने ।

(ङ) पाठशाला सञ्चालनका लागि समूह परिचालन र आयोजना सम्वन्धी अभिमुखीकरण र आवश्यक प्राविधिक सरसल्लाह तथा सहयोग गर्ने ।

(२) कृषि व्यवसाय पाठशालाको अवधिमा एक जना सहजकर्ताले समय मिलाएर बढीमा २ वटा सम्म पाठशाला सञ्चालन गर्न सक्नेछन् । पाठशाला समूहले निर्णय गरे अनुसार म्यानुअलमा उल्लेख भए बमोजिम कार्यतालिका बनाई तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) सहजकर्ताले कृषि व्यवसाय पाठशाला सञ्चालन गर्दा कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) म्यानुअलमा उल्लेख भए अनुसार समूह व्यवस्थित तरिकाले पाठशाला सञ्चालन गर्नका लागि तोकिएका सहजकर्ताहरुले तीन वटा तयारी बैठक सञ्चालन गर्नु पर्नेछ ।

७. <u>तालिम सञ्चालनः</u> (१) पाठशाला समूहमा दफा ६ बमोजिम गठित पाठशाला सञ्चालनको लागि कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) कृषि व्यवसाय पाठशालामा कृषकहरुलाई सहभागितात्मक र सहकार्यात्मक सोधपुछ कार्यको माध्यमबाट विषयवस्तुको अनिवार्य रुपमा समूहगत अभ्यास समेत गराउनु पर्नेछ।



सचिव

(३) कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा उल्लेख भएका पाठ्यक्रमलाई पाठ योजना अनुसार तालिका बनाई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

८. **कृषक दिवस सञ्चालन:** (१) कृषि व्यवसाय पाठशालामा दफा ७ बमोजिम पाठशाला सञ्चालनको अवधि पुरा भएपछि कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा व्यवस्था गरे अनुसार कृषक दिवस सञ्चालन गर्नु पर्नेछ ।

(२) पाठशालाका मुख्य सिकाईहरु समुदायमा प्रचार प्रसार गर्न सकिने गरी प्रदर्शनी सहित कृषक दिवस सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-३

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

९. **अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था:** (१) कृषि व्यवसाय पाठशाला सञ्चालन सम्वन्धी विस्तृत कार्य प्रगति प्रतिवेदन सम्वन्धित पाठशाला सहजकर्ताले पाठशाला सम्पन्न भएको १५ दिन भित्र आयोजना क्लष्टर ईकाईमा पेश गर्नु पर्नेछ । कार्य प्रगति प्रतिवेदनको ढाँचा कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा उल्लेख गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम विस्तृत कार्य प्रगति प्रतिवेदन तयार गर्न सम्वन्धित गाउँपालिकामा कार्यरत आयोजनामा खटाईएका सेवा प्रदायक कृषि तथा पशु सेवा प्राविधिकहरुले सहयोग गर्ने र सो को प्रगति प्रतिवेदन आयोजनको प्राविधिक सहायता तर्फका अनुगमन तथा मूल्याङ्कन अधिकृतले संकलन गरी मासिक, चौमासिक र वार्षिक रुपमा आयोजना क्लष्टर ईकाईमा पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन ईकाई र आयोजना क्लष्टर ईकाईको हुनेछ। साथै आवश्यकतानुसार गाउँपालिका र अन्य निकायसंग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन प्राविधिक सहायता तर्फका क्लष्टर ईकाईमा खटाईएका अनुगमन तथा मूल्याङ्कन अधिकृतले तयार गरी पेश गरेपछि मासिक, चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन आयोजना क्लष्टर ईकाईले आयोजना व्यवस्थापन ईकाईमा पठाउनु पर्नेछ ।

सचिव

## परिच्छेद-४
## विविध

१०. **<u>आर्थिक पक्ष:</u>** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** को अनुसुची **4.2.I** मा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिका आधारमा तोकिएका पाठशाला सहजकर्ताको बैङ्क खाता मार्फत गर्नुपर्नेछ ।

११. **<u>गुनासो तथा उजुरी:</u>** (१) यस कार्यक्रम सञ्चालनसंग सम्वन्धि कुनै किसिमका उजुरी तथा गुनासोहरु प्राप्त भएमा आयो जनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१२. **<u>अमान्य हुने:</u>** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१३. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानून, नियम बमोजिम हुनेछ ।

१४. **<u>बाधा अड्काउ फुकाउने:</u>** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोजना निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **<u>खारेजी तथा संशोधन:</u>** (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव